# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौं, भदौ १४ गते २०६७ साल (संख्या २०

## भाग ३

नेपाल सरकार

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

### विमानस्थल दस्तुर नियमावली, २०३८ खारेज गर्ने नियमावली, २०६७

गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "विमानस्थल दस्तुर नियमावली, २०३८ खारेज गर्ने नियमावली, २०६७ रहेको छ।"

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. खारेजीः विमानस्थल दस्तुर नियमावली, २०३८ खारेज गरिएको छ ।

आज्ञाले,
किशोर थापा
नेपाल सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ५

## नेपाल सरकार

## महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सूचना

नेपाल सरकारले ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा १३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सो उपदफा बमोजिम देहायका व्यक्तिलाई मनोनीत गरेको छः–

१) खण्ड (ड) बमोजिमको केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिको सदस्यमा–

क) डा. गौरीशङ्करलाल दाश, काठमाडौं महानगरपालिका, वडा नं. ७, चावहिल । (ज्येष्ठ नागरिक संस्था सञ्जाल)

ख) श्री शारदादेवी चन्द, भिमदत्त नगरपालिका, वडा नं. १८, कञ्चनपुर । (ज्येष्ठ नागरिक संस्था सञ्जाल)

२) खण्ड (ढ) बमोजिमको केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समितिको सदस्यमा–

क) श्री जान महम्मद शेख, नेपालगञ्ज नगरपालिका, वडा नं, १६, वी.पी. चोक, बाँके ।

ख) श्री प्रतिभा मिश्र, मदहवा गाउँ विकास समिति, वडा नं. ६, महोत्तरी ।

आज्ञाले,
महेन्द्रप्रसाद श्रेष्ठ
नेपाल सरकारको सचिव

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सेवा विभागको लागि Nick Simons Institute, झम्सिखेल, ललितपुर मार्फत निःशुल्क उपलब्ध गराउने पाउण्ड



८३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्टर्लिङ्ग ३४,६२७.०८ (चौतीस हजार छ सय सत्ताइस, सेन्ट आठ) मूल्य बराबरको Universal Anesthesia Machine थान ४ आयातमा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी शारीरिक रुपले अपाङ्ग भएका काठमाडौं जिल्ला, महादेवस्थान-५ इटाखेलका श्री प्रेमकुमार मानन्धरले खरीद गरी ल्याउने एक थान चार पाङ्ग्रे स्कूटरको आयातमा लाग्ने अन्तःशुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी शारीरिक रुपले अपाङ्ग भएका दाङ्ग जिल्ला, गोबरडिहा-१ का श्री आशा पुन मगरले खरीद गरी ल्याउने एक थान चार पाङ्ग्रे स्कूटरको आयातमा लाग्ने अन्तःशुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी गृह मन्त्रालयका लागि चीन सरकारबाट उपहार स्वरुप प्रदान गरिने RMB १९,९५,०७८:७५ (उन्नाइस लाख पन्चानब्बे हजार अठहत्तर, सेन्ट पचहत्तर) मूल्य बराबरको तपसील बमोजिमका सुरक्षासँग सम्बन्धित सामग्रीमा सम्पूर्ण राजस्व छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### तपसील

| S.N. | Description of Goods | Quantity | Amount RMB |
|---|---|---|---|
| 1 | Laptop | 25 | 2,34,875.00 |
| 2 | Multimedia Projector | 5 | 56,910.00 |
| 3 | Walk Through Metal Detector | 15 | 5,19,000.00 |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| 4 | Hand Held Metal Detector | 100 | 1,71,200.00 |
| 5 | Bullet Proof Vest | 50 | 3,80,300.00 |
| 6 | Night Vision | 2 | 1,53,200.00 |
| 7 | Binacular | 20 | 68,000.00 |
| 8 | Compass | 100 | 33,300.00 |
| 9 | Search Light | 10 | 54,600.00 |
| 10 | Search Light | 10 | 54,600.00 |
| 11 | Generator | 1 | 77,600.75 |
| 12 | Generator | 3 | 1,91,493.00 |

## सूचना ५

नेपाल सरकारले आर्थिक ऐन, २०६६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल परिवार नियोजन संघ, केन्द्रीय कार्यालय, पुल्चोक ललितपुरले Thailand बाट खरीद गर्ने अमेरिकी डलर १६,३२९.०० (सोह्र हजार तीन सय उनान्तीस) मूल्य बराबरको एक थान TOYOTA HILUX गाडी आयातमा भन्सार महसुल, अन्तशुल्क र मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
शेषराज शर्मा
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.ब.नं. १६१।०६२।६३

मुद्रण विभाग

१३६

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।